# बेलौरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कार्यपालिका बैठक संख्याः- ०९/२०८२।०८३

मिति २०८२।१२।२३ गते बिहान ८:०० बजे यस बेलौरी नगर कार्यपालिकाका नगर प्रमुख श्री पोतीलाल चौधरी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| | श्री पोतीलाल चौधरी | नगर प्रमुख |
| | श्री जोगराम चौधरी | नगर उप-प्रमुख |
| | श्री धन बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. १ |
| | श्री कलबिर चौधरी | वडा अध्यक्ष वडा नं. २ |
| | श्री पदमा कार्की | का.बा. वडा अध्यक्ष वडा नं. ३ |
| | श्री अर्जुन ढकाल | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री लाल बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भोज राज चौधरी | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री विष राम राना | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री किसन सिंह राना | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री सोमलाल चौधरी | वडा अध्यक्ष वडा नं. १० |
| | श्री हर्क बहादुर भुल | नगर कार्यपालिका सदस्य (प्रवक्ता) |
| | श्री आरती कुमारी चौधरी | नगर कार्यपालिका सदस्य |
| | श्री विन्द्रावति राना | नगर कार्यपालिका सदस्य |
| | श्री शारदा पार्की | नगर कार्यपालिका सदस्य |
| | श्री बसन्ती नेपाली | नगर कार्यपालिका सदस्य |
| | श्री कृष्ण भान बरई | नगर कार्यपालिका सदस्य |
| | श्री नेहा सुनार | नगर कार्यपालिका सदस्य |
| | श्री राम दुलारी गिरी | नगर कार्यपालिका सदस्य |
| | श्री ओम प्रसाद उपाध्याय (सचिव) | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित**

| | |
|---|---|
| श्री झपी राज ओझा | अधिकृत सातौं |
| श्री जगदीश जोशी | इन्जिनियर |
| श्री मनोज जोशी | सूचना प्रविधि अधिकृत |
| श्री | |

## बेलौरी नगरकार्यपालिकाको मिति २०८२।१२।२३ गते बसेको बैठकका निर्णयहरु

**निर्णय नं. १)** प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३।०८४ का सुदूरपश्चिम प्रदेश समपुरक अनुदान र विषेश अनुदान अन्तर्गत देहाय बमोजिमका योजनाहरु माग गरि पठाउने निर्णय गरियो ।

समपुरक अनुदान

क) हरद्धारी चोक देखि विचपुरि अग्ला टोल हुदै बोटगाँउ पचुइ जोड्ने हुलाकी सडक सम्म कालोपत्रे सडक निर्माण

ख) शान्तिपुर त्रिवेणी चोक देखि वडा न ५ भकुन्डाको मसान घाट जोड्ने कालोपत्रे सडक निर्माण

ग) वडा न १ का विभिन्न सडकहरुको निर्माण

नोट- गत आर्थिक वर्षका क्रमागत योजनाहरुलाई निरन्तरता दिइने छ ।

विषेश अनुदान

क) स्मार्ट स्थानीय शासन प्रणाली नागरिक सहकार्यका लागि डिजिटल प्लैटफर्म निर्माण

ख) श्रीपुर बन्तरीय खानेपानी अधुरो आयोजना निर्माण

ग) वातावरण मैत्री पालिका तथा आधारभुत सरसफाई व्यवस्थापन

**निर्णय नं. २)** प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलौरी नगरपालिका अन्तरगत प्रचलित शिक्षा नियमावली तथा कार्यविधि भन्दा अति न्युन विद्यार्थी भएका विद्यालयलाई नजिकका सामुदायिक विद्यालयमा समायोजन गर्न सबै सामुदायिक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षक व्यवस्थापन मिलान सम्बन्धी र संस्थागत विद्यालयको अनुगमनका लागि तपशिलको कार्यदल बनाउने निर्णय गरियो ।

क) सामाजिक विकास समिति संयोजक श्री अर्जुन ढकाल - संयोजक

ख) कार्यपालिका सदस्य वडा अध्यक्ष श्री प्रकाश श्रेष्ठ - सदस्य

ग) कार्यपालिका सदस्य वडा अध्यक्ष श्री लाल बहादुर चौधरी - सदस्य

घ) कार्यपालिका सदस्य प्रवक्ता श्री हर्क बहादुर भुल - सदस्य

ङ) कार्यपालिका सदस्य श्री आरती चौधरी - सदस्य

च) प्रशासन शाखा प्रमुख/अधिकृतस्तरको कर्मचारी - सदस्य

छ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ३)** प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ मा सडक बोर्ड नेपालबाट स्थानीय सडक मर्मत सम्भारका लागि बजेट बिनियोजन गरी बेलौरी नगरपालिकाको हकमा रु. ३२ लाख पठाएको र त्यसमा सडक बोर्ड नियमावली २०६० को परिछेद ३ नियम ९ बमोजिम व्यहोर्नुपर्ने रकम रु. १४ लाख समेत समाबेश गरी कार्यक्रम स्वीकृत गरी सहमतिका लागि सडक बोर्डमा पेश गर्नुपर्ने भनी सडक बोर्ड नेपालको मिति २०८२।०९।२८ च.नं. ६७८ को पत्रबाट लेखि आएअनुसार यस आ.व. मा मर्मत सम्भारका लागि देहाय बमोजिमका सडकहरु छनौट गरी लागत अनुमान अनुसार प्राथमिकता क्रम तोकि सहमतीको लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख

अ) कालोपत्रे सडक मर्मत

क) बेलौरी न.पा. वडा.न-१लालिगुराँस आधारभुत स्वास्थ्य केन्द्र देखि वडा कार्यालय जाने बाटो मर्मत

ख) बेलौरी नगरपालिका वडा न ४ वडा कार्यालय जाने बाटो र कृषि विकास बैकं देखि सुदूरसंचार मर्मत

ग) बेलौरी न.पा. वडा न- १० जिउलाल चौधरीको घर देखि प्रहरी चौकी हुदैं भुडा जाने सडक मर्मत

**निर्णय नं. ४)** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा दर्ता हुन आएका तपशिल बमोजिमका विधानहरुलाई स्विकृती दिने निर्णय गरियो ।

तपशिल

क) बेलौरी भलिबल क्लब विधान-२०८२

ख) ज्योति स्वाबलम्बन समुह विधान- २०८२

ग) निङ्गलाशैनी भगवती माता सेवा समितिको विधान- २०८२

**निर्णय नं. ५)** प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलौरी नगरपालिकाको आधारभुत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम स्विकृत गरी यस नगरपालिकाका सबै विद्यालयमा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६)** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजनाहरु माग गरि पठाउने निर्णय गरियो ।

तराई मधेस समृद्धि

क) श्री शान्ति मा.वि. स्कुल छात्रबास निर्माण

ख) वडा न ५ को प्राथमिक स्वास्थ्य केन्द्र निर्माण

ग) शोभाताल थारु होमस्टे पुर्वाधार निर्माण

साथै आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत निर्णय न. ६ बमोजिम माग भएका योजनाहरुमा यस नगरपालिकाबाट हुने लागत साझेदारीका लागि प्रतिबद्धता सहित यो निर्णय सर्व सम्मत पारित गरियो ।

**निर्णय नं. ७)** प्रस्ताव नं. ७ माथि छलफल गर्दा कृषि विकास शाखामा यस आ.वं. २०८२।८३ कालागि दर्ता तथा नविकरण हुन आउने उखु कृषकहरुको फारम दर्ता तथा नविकरण गरे वाफत प्रति फारम रु.२० का दरले दर्ता नविकरण गर्ने कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८)** प्रस्ताव नं. ८ माथि छलफल गर्दा बेलौरी नगरपालिका विपद व्यवस्थापन शाखाले पेश गरेका तपसिलका योजना प्रतिवेदन स्विकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१) DPRP विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२

२) विपद संवेदनशील सामाजिक सुरक्षा योजना २०८२-२०८७ पंञ्च बर्षिय योजना

३) वालबालिका जलवायु तथा विपद सम्बन्धी सुचाकं प्रतिवेदन २०८२

४) बेलौरी नगरपालिकामा बनेका भवनभित्र उत्पन्न हुने तापीय तनाव (Heat-Stress) न्यूनीकरणका लागि ऊर्जा विश्लेषण र ऊर्जा दक्ष भवन डिजाइन अध्ययन २०८२

५) विपद जोखिम नक्सांकन २०८२

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. ९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८३ बैशाख १ गते देखि चैत्र मसान्त सम्मका लागि स्थानीय पर्वमा बेलौरी नगरपालिका तथा अन्तरगतका कार्यालयहरुमा तपसिलका स्थानीय बिदा दिने निर्णय गरियो ।

तपसिल

१) गंगा दशहरा पर्व
२) अट्वारीको भोलिपल्ट
३) माघी पर्वको भोलिपल्ट
४) राना थारु तिज
५) चराइन राना थारु
६) हर्दाहुवा पर्व
७) खख्डेहरा पर्व

**निर्णय नं. १०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस बेलौरी नगरपालिका अन्तरगतका वडा न १ देखि वडा न १० सम्म सम्पुर्ण वडा कार्यालयमा न्यायिक समिति अन्तरगतको मेल मिलाप केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस बेलौरी नगरपालिका वडा न ६ रिछाहा स्थित रहेको भुइया मन्दिरको नाममा फिल्ड बुक कायम जग्गा कञ्चनपुर जिल्ला साविक श्रीपुर गा.वि.स वडा न ३ सिट नं.-०२६०८७१ कित्ता नं.-२४१ माथि अतिक्रमण भएको जग्गा यस नगरपालिकाको न्यायिक समिति मार्फत आवश्यक कारर्वाही भई सक्दा समेत सम्बन्धीत पक्षले मन्दिरको जग्गा खाली गर्न अटेरी गरेको हुदाँ सो मन्दिरको अतिक्रमण जग्गालाई खाली गर्नका लागि आवश्यक कानुनी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२)** प्रस्ताव नं. १२ माथि छलफल गर्दा निड्स नेपालबाट सञ्चालित सुरक्षित आवास कार्यक्रकका लागी भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदुरपश्चिम, यस बेलौरी नगरपालिका र निड्स नेपाल कन्चनपुरको लागत साझेदारीमा बेलौरी नगरपालिका वडा नं ५ को मुक्त कमैया १८ घरधुरी र वार्ड नं. ९ को मुक्त कमैया १७ घरधुरी गरी जम्मा ३५ घरधुरीमा आवास निर्माण हुने भएको हुदाँ प्रति घर १ लाख ५० हजार रुपैया यस नगरपालिकाबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख